# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- २०९८

मिति :- २०७६/१२/२०

**विषय- राहत सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४३९, मिति २०७६/१२/१९ को पत्रानुसार असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी नमुना मापदण्ड २०७६ तथा कोभिड - १९ को कारण प्रभावित क्षेत्रहरुको लागी राहत सुविधा प्रदान गर्ने कार्ययोजना २०७६ स्वीकृत गरी प्राप्त भएको हुदाँ सोही मापदण्ड तथा कार्ययोजनामा रहि संलग्न कार्यविधि अनुसार राहत वितरण गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

**<u>तपसिल</u>**

१. यस कार्यालयको मिति २०७६/१२/१८ को पत्रको बुदाँ नं. ६ मा उल्लेख भए अनुसार तहाँ वडा अर्न्तगत कुनै व्यक्ति, संघसंस्था, फर्म तथा दाताहरुले सहायता उपलब्ध गराउन चाहेमा यस नगरपालिकासँग समन्वय गरी अनुमति लिने व्यवस्था मिलाउने,
२. वडा कार्यालयले वास्तविक श्रमिक वर्ग तथा असहाय व्यक्ति, परिवारको पहिचान गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/१२/१९, च.नं. ४३९ को राहत सम्बन्धि मापदण्ड अनुसार मात्र राहत वितरण कार्य गर्ने ।

..............................
घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np